हेटौंडा उपमहानगरपालिका
१८ नं. वडा कार्यालय
ठुलोदमार ,हेटौंडा
बागमती प्रदेश, नेपाल

# बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका लागि

# अन्तिम प्रतिवेदन

मितिः २०८१/०७/०७

प्रतिवेदन पेश गर्नेः
हेटौंडा उपमहानगरपालिका,
१८ न. वडा कार्यालय,
ठुलोदमार, हेटौंडा

प्रतिवेदन पेश हुने निकायः
हेटौंडा उपमहानगरपालिकाको कार्यालय मार्फत
जिल्ला समन्वय समितिको कार्यालय,
हेटौंडा, मकवानपुर

## प्रतिवेदनमा समावेश गरीएका विषय वस्तुका सूची:

१. वडाको संक्षिप्त परिचय,
२. बालमैत्री स्थानीय शायनयुक्त वडाको रूपमा घोषणा गर्न तथा यसको दिगोपनाका लागि भएका अवसर तथा चुनौतीहरू,
३. बाल बचाऊका सूचक पूरा गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरू,
४. बाल बचाऊका सूचकहरूको विद्यमान अवस्था,
५. बाल संरक्षणका सूचक हासिल गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरू,
६. बाल संरक्षणका सूचकहरूको विद्यमान अवस्था,
७. बाल विकासका सूचक हासिल गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरू,
८. बाल विकासका सूचकहरूको विद्यमान अवस्था,
९. बाल सहभागिताका सूचकमा भएका महत्त्वपूर्ण कार्यहरू,
१०. स्थानीय तहको शासकीय संरचनामा बालबालिकाको स्थिति,
११. बालसमूहको नामावली,
१२. वडास्तरीय बाल सञ्जालका पदाधिकारीको नामावली,
१३. बालमैत्री स्थानीय शासन वडा समिति र वडा बाल अधिकार समितिमा भएका पदाधिकारीहरूको नामावली,
१४. बाल सहभागिताका सूचकहरूको विद्यमान अवस्था,
१५. संस्थागत सूचकमा भएका महत्त्वपूर्ण कार्यहरु,
१६. संस्थागत सूचकहरूको विद्यमान अवस्था,
१७. बालमैत्री स्थानीय शासनका तहगत खुड्किला सम्बन्धी विवरण,
१८. बालबालिका सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनको अवस्था,

## वडाको संक्षिप्त परिचयः

यस हेटौंडा उपमहानगरपालिका, वडा नम्बर १८ साबिकको हर्नामाडीका सबै वडाहरु मिलेर बनेको हो। यस वडाको क्षेत्रफल ३३.३६ वर्ग कि.मी. रहेको छ। यस वडाको पुर्व सिमानामा बकैया गाउँपालिका, पश्चिमा वडा नं. १७, उत्तरमा मकवानपुरगढी गाउँपालिका र दक्षिण तर्फ निजगढ नगरपालिका अवस्थित छ। यसको अधिकांश भागहरु ग्रामिणस्तरका छन्।

वडा नम्बर १८ मा घरधूरी सर्वेक्षण, २०७९ अनुसार १८ वर्ष मूनिका बालबालिकाको जनसंख्या ३,२७४ रहेको छ जस्मा १,६९१ बालक र १,५८३ बालिका रहेका छन्।
घर धुरी सर्वेक्षण २०७९ अनुसार यस वडाको कुल जनसंख्या ८,३७६ रहेको छ जसमध्ये ४,११८ महिला, ४,२५८ पुरुष र कुल बालबालिका २,३४९ छन् जसमा बालक १,२३० र बालिका १,११९ रहेका छन्।
यस वडामा सेवा-नोकरीको क्षेत्रमा सबैभन्दा धेरै परिवारहरु आवद्ध रहेका छन् अर्थात ३५% परिवार सेवा-नोकरीमा छन् भने २३% व्यापार-व्यवसायमा संलग्न छन्। कृषि र पशुपालन गर्नेहरु ७ प्रतिशत र ज्याला मजदुरी गर्नेहरु १६ प्रतिशत छन्। यस वडाबाट वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको संख्या ७१० रहेको छ र ती मध्ये २५.२ प्रतिशत महिला छन्। उनीहरुबाट प्राप्त विप्रेषणबाट १४% परिवारको जीविकोपार्जन धानिएको छ।यस वडाको ५८.६ प्रतिशत मानिसहरुको मूख्य पेशा नोकरी रहेको छ । २९.२% मानिसहरु व्यापारमा संलग्न रहेका छन ।कृषि पेशामा १.३% रहेका छन् । बैदेशिक रोजगारीमा २०६ जना व्यक्ति रहेका छन् ।
यस हेटौंडा उपमहानगरपालिका, वडा नं. १८ ले २०८० चैत्र १६ गते पूर्ण खोप, २०७३ भाद्र ३० गते पूर्ण साक्षरता र २०६७ चैत्र २१ गते खुल्ला दिसा मुक्त वडा घोषणा गरीसकेकोले नेपाल सरकारको मापदण्डको आधारमा तयार भएको बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक विभिन्न सूचकहरु पार गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने अभियानमा रहेको छ। हेटौंडा १८ नं. वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्नका लागी हेटौंडा उपमहानगरपालिका, विभिन्न संघ संस्था, विभिन्न सरोकारवालाहरुको प्रयास र सहयोगबाट यस वडालाई यहि २०८१ साल मंसिर भित्र बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरी बालअधिकारको सुनिश्चितता तथा घोषणा पश्चात निरन्तर दिगोपना यस वडाको हालको प्रमुख उदेश्य रहेको छ ।

## २) बालमैत्री स्थानीय शासनयुक्त वडाको रूपमा घोषणा तथा दिगोपनाको लागि भएका अवसर तथा चुनौतीहरू :

बालअधिकार महासन्धिको अनुमोदनले बालबालिकाहरु प्रति राज्यलाई जवाफदेही बनाएको र यसै प्रति लक्षित भई नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ तथा घोषणा कार्यविधि, २०७९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तयार हुनु आफैमा एउटा अवसरको रुपमा रहेको छ । बालअधिकारको विषयलाई स्थानीय तहको समग्र

कार्यपद्धति र प्रणालीमा अन्तरभूत गर्दै कार्यान्वयन गर्न गरेको निर्देशन बमोजिम बालमैत्री स्थानीय शासन अवलम्बनलाई लक्ष्यका साथ अगाडी बढाईएको हो।

यस वडाले २०७९ मंसिर २२ देखि बालमैत्री स्थानीय शासन अवलम्बन गरी तोकिएको सूचक प्राप्तिका विभिन्न चरणमा कार्य गरीरहेकोमा बालमैत्री स्थानीय घोषणाका लागि आवश्यक गतिविधि पूरा गरीसकेको अवस्था छ।

## बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका सम्भावना र अवसरहरु :

१. पूर्णखोप, खुल्ला दिसा मुक्त, पूर्ण साक्षर घोषणा भएको,
२. यस वडामा ४ वटा सामुदायिक र २ वटा संस्थागत गरी जम्मा ६ वटा विद्यालय रहेको,
३. मिश्रित समुदायको वाहुल्यता,
४. विकास निर्माणको कार्यमा समुदायको सक्रिय सहभागिता, (टोल विकास संस्था, महिला जागरण समूह, आमा समूह, बाल सञ्जाल, बाल समूह गठन भई बिकास निर्माण तथा सामाजिक कार्यमा सक्रिय सहभागिता रहेको)
५. जनसंख्याको आधारमा समतामूलक विकासको विस्तार, (आर्थिक, सामाजिक, सास्कृतिक तथा वातावरणीय पक्षवाट सामाजका सबै वर्गलाई समेट्ने प्रयास गरी सामाजिक न्यायको सिद्धान्त लाई आत्मासात गर्दै समतामूलक समाजको निर्माण तर्फ समाज अघि बढेको)
६. स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले बालमैत्री स्थानीय शासन अवलम्वन, घोषणा तथा दिगोपनाको लागि वडालाई जिम्मेवार बनाईनु ,
७. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ ले बालमैत्री स्थानीय शासनयुक्त वडा तथा स्थानीयतह घोषणाका लागि स्पष्ट मार्गदर्शन प्रदान गर्नु,
८. बालमैत्री स्थानीय शासन सञ्चालनका लागि वडा समिति, राजनीतिक दल, वडा बाल अधिकार समिति, बालसमूह तथा बालसंजाल लगायत सरोकारवाला निकायहरुको सक्रिय सहभागिता रहेको,
९. स्वास्थ्य तथा शैक्षिक संस्था लगायतका विषयगत निकाय, संघसंस्था, संगठन, सामाजिक समूह तथा नागरीक समाजहरुसंग राम्रो समन्वय रहनु,
१०. बालमैत्री स्थानीय शासनप्रति समुदायको चासो, साथ, सहयोग र कार्यक्रममा सक्रिय सहभागिता जनाउनु,
११. बालमैत्री स्थानीय शासनका ५१ सूचक मध्ये ५० वटा सूचकमा तोकिए बमोजिमको नतिजा प्राप्त भएको र १ वटा सूचकमा ९९ प्रतिशतको अवस्था रहनु ,
१२. शिक्षा, स्वास्थ्य, खानेपानी, महिला तथा बालबालिका, सामाजिक विकास, पञ्जिकरण लगायत सरोकारवालाहरुलाई जिम्मेवार बनाइ सूचक प्राप्तिमा निरन्तरता दिइनु,
१३. बालमैत्री सहजकर्ता परिचालन,
१४. समुदायमा १२ र विद्यालयमा ६ गरी १८ वटा बालसमूह तथा १ वटा वडास्तरीय बाल समूह संजाल गठन भई क्रियाशिल रहनु,

१५. स्थानीय वडाबासीद्धारा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा प्रक्रियामा साथ सहयोग र पूर्ण प्रतिबद्धता जनाउनु,

१६. प्रतिबद्ध, लगनशील र उर्जावान जनप्रतिनिधी तथा कर्तव्यनिष्ठ कर्मचारी।

## बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका चुनौतीहरुः

१. उपलब्ध स्रोत साधनको तुलनामा समुदायको पूर्वाधार विकासका माग सम्बोधन गर्नु,

२. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ मा तोकिएका सूचक बमोजिमको नतिजालाई प्रभावकारी रुपमा टिकाइराख्नु,

३. बालमैत्री स्थानीय शासनलाई सफल बनाउन सरोकारवाला निकाय, संघसंस्था, समिति तथा परिवारलाई संवेदनशील हुन अभिप्रेरित गरी निरन्तर विशेष जिम्मेवारी वोध गराई दिगोपना कायम गर्नु,

४. बालबालिकाको स्वास्थ्य, शिक्षा, संरक्षण, सहभागिता जस्ता चौतर्फी विकासका आधारभूत पक्षको उच्चतम प्रवर्धन गर्नु,

५. सबै धर्म, वर्ग, जातजाति, क्षेत्रका समुदायलाई बालमैत्री आचारसंहिताको सफल व्यावहारिक कार्यान्वयनमा सक्रिय सहभागि गराउनु,

६. स्वइच्छाले ग्यारेज, होटेल लगायतका क्षेत्रमा आंशिक रुपमा श्रम गर्न जाने बालबालिकाको नियमन र नियन्त्रण गर्नु,

७. शैक्षिक संस्था वरपर र सार्वजनिक स्थान वरपर सुर्तिजन्य पदार्थ र मद्यपान बिक्रि वितरणमा कडाईका साथ प्रतिबन्ध लगाउनु।

८. मिश्रित भौगोलिक परिवेश भएकोले सम्पुर्ण वडाबासीमा समान रुपमा सेवा विस्तार गर्न समस्या।

## ३. बालमैत्री स्थानीय शासनका सूचक पूरा गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरूः

१८ नं. वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका लागि बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम सेवाप्रवाह र संस्थागत सूचकहरु प्राप्तिको लागि गरीएका महत्वपूर्ण कार्यहरुः

### क) बाल बचाऊका सम्बन्धमा वडामा सञ्चालन भएका कार्यहरुः

१) पूर्ण स्तनपान, स्वास्थ्य शिक्षा, पोषिलो खाना स्थानीय स्तरमा व्यवस्थापन, आइरन चक्की प्रयोग, सरसफाई सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन, हात धुने बिधि कार्यक्रम, घरदैलो अभियान,

२) पूर्णखोप वडा घोषणा र यस्को निरन्तरता रहेको,

३) एच.आइ.भि.सम्बन्धी सचेतना कार्यक्रम नियमित भएको र संक्रमित नरहेको,

४) खुल्ला दिसा मुक्त वडा घोषणा र निरन्तरता,

५) दक्ष जनशक्ति र आवासिय सुविधा सहितको बर्थिङ्ग सेन्टर सञ्चालित भई सेवा प्रवाह गर्ने गरिएको,

६) उपमहानगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत हर्नामाडीस्वास्थ्य चौकीको समन्वयमा जनप्रतिनिधिद्वारा पोषण कोसेली वितरण कार्यक्रम सञ्चालनमा रहेको र नियमित शिशुको तौल जाँच गर्ने गरीएको,

७)हजार दिनका आमा र आमा समूहहरुलाई पूर्ण स्तनपान, सुरक्षित मातृत्व, पोषण, सरसफाई लगायतका विषयमा निरन्तर सचेतना र परामर्श,

८)राष्ट्रिय कार्यक्रम अन्तर्गत ५ वर्ष मूनिका बालबालिकालाई भिटामिन "ए" तथा जुकाको औषधी खुवाउनुको साथै नियमित शारीरिक तथा मानसिक बृद्धि बिकास अनुगमन गर्ने गरिएको,

९)चर्पी गएपछि, खाना खानु अगाडि र बच्चाको दिसा धोएपछि साबुन पानीले हात धुनुपर्ने विषयमा सचेतना कार्यक्रम सञ्चालन,

१०) खानेपानी संस्थानद्वारा प्रत्येक घरधूरी मा खानेपानी धारा वितरण र नियमित खानेपानी परिक्षण भएको (आधारभूत तहको खानेपानी सुविधा सबै परिवारमा उपलव्ध),

११) विद्यालय तथा समुदायस्तरमा साबुन पानीले हात धुने परिपाटी स्थापित,

१२) विद्यालयमा किशोरकिशोरी केन्द्रित प्रजनन् स्वास्थ्य, एच.आइ.भि.सम्बन्धी सचेतना कार्यक्रम,

१३) महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका र आमा समूहको वैठकमा बाल बचाऊका सूचकवारे छलफल,

१४) आयोडिनयुक्त नुनको प्रयोग बारे सचेतना जागरुक गराई हरेक घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेको सुनिश्चितता,

१५) स्वास्थ्य संस्थाको मासिक तथा वार्षिक प्रतिवेदन संकलन तथा अध्ययन,

१६) कोरोना न्यूनिकरणका लागि बिभिन्न समयमा कोरोना रोकथाम सम्वन्धी बिभिन्न कार्यक्रम तथा खोप सञ्चालन गरेको,

१७) समय समयमा स्वास्थ्य शिविर सञ्चालन,

१८) आर्थिक अवस्था कमजोर भएका बालबालिकालाई निशुल्क स्वास्थ्य बिमा सुविधा,

१९) स्वास्थ्य संस्थाद्वारा बालसमूहलाई मास्क तथा पञ्जा वितरण,

२०) सामुदायिक तथा संस्थागत विद्यालयमा प्याड वितरण,

२१) वडामा स्तनपान कक्षको स्थापना भएको,

२२) डेङ्गु विरुद्ध समुदाय र विद्यालयमा सचेतना र सरसफाई कार्यक्रम संगै डेङ्गु लगायतका अन्य रोगव्याधी विरुद्ध औषधी र निशुल्क डेङ्गु परिक्षण ।

**बाल बचाऊका सूचकहरूको विद्यमान अवस्थाः**

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लिखित बाल बचाऊ सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छः

| क्र. | सूचक | आधार वर्षको अवस्था | हालको अवस्था (२०८१ | घोषणाको लागि | सूचकको व्याख्या |
|---|---|---|---|---|---|

| स. | | (०७९/८०) | /०६/३० सम्म) | आवश्यक प्रतिशत | |
|---|---|---|---|---|---|
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व ८ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ४ पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने | | १००% | ९५% | ६५ जना गर्भवती सबैले समयानुसार जाँच गराएका छन् ।६५ जना सुत्केरी आमा सबै नवजात शिशु सबैले जाँच गराएका छन्। |
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | | १००% | ९५% | ६५ जना गर्भवती मध्ये समय पुगेका सबै जनाले टिडी विरुद्धको खोप लगाएका छन्। |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की ( जम्मा २२५ वटा ) खाएका हुनेछन् । | | १००% | ९५% | ६५ जना सुत्केरी सबैले २२५ वटा आइरन चक्की खाएका छन् र ६५जना गर्भवतीले नियमित खादैछन्। |
| ४ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराईएका हुनेछन् । | | १००% | ८०% | ६५ जना गर्भवती स्वास्थ्य संस्थामा सुत्केरी भएका छन्। |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रुपमा पूर्ण स्तनपान गराएका हुनेछन् । | | ८०% | ८०% | ५७ जना शिशु मध्ये ४६ जना शिशुले पूर्ण स्तनपान पाएका छन्। भने ११ जनाले पाएका छैनन्। |
| ६ | छ महिना देखि पाँच वर्ष मूनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाईएको हुनेछ। | | १००% | १००% | ६ महिना देखि ५ वर्ष मूनिका ६०७ जना सबै बालबालिकाले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएका छन्। |
| ७ | १५ देखी २३ महिना भित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्ण खोपयुक्त घोषणा भएको हुनेछ। | | १००% | १००% | १५ देखी २३ महिना भित्रका सबै ११४ जना बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्णखोपयुक्त वडा घोषणा भएको छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | एच्आईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV prophylaxis पाएका हुनेछन्। | | १००% | १००% | एच्आईभी संक्रमित बालबालिका नभएको। |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | | १००% | १००% | यस वडाका १९२० घरपरिवार सबैले आयोडिनयुक्त नुनको प्रयोग गरेका छन्। |
| १० | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मूनिका बालबालिकाहरुको संख्यामा कमी आएको हुनेछ । | | १००% | ८०% | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मूनिका बालबालिकाहरु नभएको। |
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शून्य भएको हुनेछ । | | १००% | १००% | यस वडामा अति कडा कुपोषण भएका बालबालिका नभएको। |
| १२ | सबै घरधूरी मा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । | | १००% | १००% | सबै १८०० घरधूरीमा खानेपानीको सुबिधा रहेको छ। |
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । | | १००% | १००% | सबै १९२० घरपरिवारमा साबुन पानीले हात धुने परिपाटीको विकास भएको छ। |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ । | | १००% | १००% | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग गरेका छुन र खुला दिसा मुक्त घोषणा भइसकेको छ। |

**क) बालसंरक्षणका सूचक हासिल गर्न वडाले गरेका महत्त्वपूर्ण कार्यहरू:**

१. टोल विकास संस्थाहरुमा पत्राचार गरी जन्मदर्ता अभियान सञ्चालन गरीएको, खोपको बेला र विद्यालय भर्नाको बेला जन्मदर्ता अनिवार्य गरीएको छ,

२. टोल टोलमा, विद्यालयमा बालविवाह न्यूनिकरणका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन भएका छन,

३. बालमैत्री आचारसंहिता एवं बालसंरक्षणका कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ,
४. वडा बालअधिकार समितिद्धारा विशेष गरी बालसंरक्षणको क्षेत्रमा सक्रियताका साथ कार्य भइरहेको छ,
५. बिभिन्न पर्चा, पम्प्लेट, पत्राचार, सूचना वोर्डहरु राखिएको छ ,
६. सुरक्षा निकायको समन्वयमा सचेतना कार्यक्रम सञ्चालन भएको छ,
७. बालश्रम, बाल विबाह, बाल कुलत विरुद्धको कानुनी व्यवस्था साथै बालअधिकार सम्वन्धी माईकिंङ कार्यक्रम गरीएको छ,
८. टोल तथा विद्यालय बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमूखिकरण कार्यक्रम सञ्चालन भएको छ,
९. विभिन्न पसल, ग्यारेज, होटलमा बालश्रम, सूर्तिजन्य, मदिराजन्य पदार्थको बिक्रि वितरण नगराउने प्रतिबद्धता सहित फ्लेक्समा हस्ताक्षर गराई टाँस गरिएको छ,
१०. समुदाय र विद्यालयमा बालविवाह, बालश्रम, बालकुलत वारेमा अभिमूखीकरण गरीएको,
११. बालश्रममा भेटिएका बालबालिकालाई बालअधिकार समितिद्धारा उद्धार, मनोसामाजिक परामर्श गरी बालबालिकालाई पारिवारिक पुनर्स्थापना र नियमित पठनपाठनमा जोड दिईएको छ,
१२. बाल बिवाह गर्ने प्रयास गरेका बालबालिकालाई वडा कार्यालयको सक्रियतामा अभिभावक सहित परामर्श र छलफल पश्चात बिवाह बदर गरी आ-आफ्नो अभिभावकको संरक्षणमा राखिएको।
१३. सबै विद्यालयमा लागुपदार्थ दुर्व्यसनी, साइबर अपराध सम्बन्धी अभिमूखीकरण सम्पन्न,
१४. सबै विद्यालयद्वारा बालबालिकालाई शारिरिक, मानसिक यातना नदिने प्रतिबद्धता गरीएको,
१५. बालविवाह, बालश्रम लगायत बालबालिका विरुद्ध हुने अन्य हिंसा सम्वन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन,
१६. बालसंरक्षण सम्बन्धी पर्चा, पम्प्लेट वितरण गरीएको,
१७. कुलतमा लागेका बालबालिकाका लागि नगरले गरेको सम्झौता अनुसार बालकको हकमा मामाघर नेपाल र बालिकाको हकमा माईती नेपालमा मनोपरामर्श र आवश्यक उपचार सहितको अल्पकालिन आवासिय व्यवस्थापन गरीएको,
१८. वडा कार्यालय, प्रहरी कार्यालय र विद्यालयमा बालमैत्री सम्पर्क व्यक्ति तोकिएको।

**बाल संरक्षणका सूचकहरूको विद्यमान अवस्थाः**

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लेखित बाल संरक्षण सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छः

| क्र.स. | सूचक | आधार वर्षको अवस्था | हालको अवस्था (२०८१\०६\३०) | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | ५ वर्ष मूनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ । | | १००% | १००% | कानूनी अड्चन भएका बाहेक वडाको घटना दर्ता अभिलेख अनुसार सबै बालबालिकाको जन्मदर्ता भएको। |
| २ | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनर्स्थापना भएको हुनेछ। | | १००% | १००% | वडा बाल अधिकार समिति र टोल विकास बाट नियमित अनुगमन एवं निगरानी भएको ।<br>यस वडाको १४ वर्ष मूनिका बालबालिका कोहि पनि कुनै प्रकारको श्रममा नरहेको। |
| ३ | स्थानीय तह बालविवाह मुक्त भएको हुनेछ । | | १००% | १००% | वडा बाल अधिकार समिति, टोल विकास र बाल समूहबाट सचेतनामूलक कार्यक्रम साथै नियमित अनुगमन एवं निगरानी भएको, २०८० श्रावण देखि हालसम्म २० वर्ष नपुगेकाले विबाह नगरेको। |
| ४ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान )विद्यालय, सामाजिक चाडपर्व, भेला (मा बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, बेवास्ता र दुर्व्यवहारमा कमि आएको हुनेछ । | | ८०% | ८०% | वडा बाल अधिकार समिति, टोल विकास, आमा समूह, सुरक्षा निकाय र बाल समूहको सक्रियतामा बाल संरक्षण प्रणाली स्थापित र क्रियाशिल रहेको, सचेतनामूलक अभिमुखिकरण र अन्य कार्यक्रम सञ्चालन भएको। |
| ५ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याईएको हुनेछ। | | १००% | १००% | वडा बाल अधिकार समितिको वैठक नियमित, टोल विकास, आमा समुह, सुरक्षा निकाय र बाल समुहको सकृयतामा बाल संरक्षण प्रणाली स्थापित र क्रियाशिल, वडामा बालमैत्री सम्पर्क शाखा स्थापित, वडा, विद्यालय र प्रहरी चौकीमा बालमैत्री सम्पर्क व्यक्ति तोकिएको र गुनासो पेटिका राखि सुनुवाईको व्यवस्था मिलाईएको, बालमैत्री वडा सहजकर्ता परिचालित |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | छाउपडि, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ । | | ९५% | ९५% | यस वडामा यस्ता कुप्रथा नरहेको तर अझैपनि जातिय छुवाछुत र महिनावारीको समयमा हुने विभदपूर्ण रुपमा उन्मूलन नभइसकेको पाईयो। |
| ७ | स्थानीय तह/समुदायले १४ वर्ष मुनिका असहाय बालबालिका (भएमा)को संरक्षण गर्न विषेश व्यवस्था गरेका हुनेछन्। | | १००% | १००% | यस वडामा १४ वर्ष मूनिका असहाय बालबालिका नभएको र भएमा नगर मार्फत मासिक २००० शैक्षिक सहयोग उपलब्ध गर्ने व्यवस्था रहेको। |
| ८ | स्थानीय तहमा सडक बालबालिकाको संख्या शुन्य भएको हुनेछ। सडक बालबालिकालाई (भएकोमा) बालगृहमा राखी व्यवस्थापन भएको हुने। | | १००% | १००% | यस वडामा सडक बालबलिका नरहेको। |
| ९ | स्थानीय तहमा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | | १००% | १००% | सबै विद्यालयले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनौ भनि लिखित प्रतिवद्धता गरेका छन। |
| १० | कुलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् । | | १००% | १००% | कुलतमा लागेका बालकलाई मामाघर नेपाल र बालिकालाई माईती नेपालमा राखी परामर्श र आवश्यकता अनुसार उपचार गर्न नगरसंग सम्झौता भए अनुसार वडाले सिफारिस गरी पठाउने व्यवस्था मिलाईएको। |

**ख) बाल विकासका सूचक हासिल गर्न वडाले गरेका महत्त्वपूर्ण कार्यहरू**

१. हरेक विद्यालयमा छात्र छात्राको अलग अलग शौचालय पहिचानका लागी संकेत वोर्ड जडान,
२. सेनेटरी प्याड वितरण र ईन्सिनेटर च्याम्बरको व्यवस्था,
३. विद्यालयका प्र.अ.हरु, बि.ब्य.स. सम्पर्क शिक्षकसंग बालविकासका सूचकहरुमा विशेष छलफल,

४. बालमैत्री सम्पर्क शिक्षकहरुलाई बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमूखीकरण,
५. सामुदायिक र संस्थागत दुवै विद्यालयलाई खेलकुद सामाग्री वितरण,
६. वडा बाहिरका शैक्षिक संस्थामा अध्यन गर्ने विद्यार्थीलाई निःशुल्क बस सेवा उपलव्ध,
७. विद्यालयमा बालमैत्री आचारसंहिता र बालअधिकार सम्बन्धी फ्ल्याक्स ब्यानर, पर्चा वितरण,
८. अतिरिक्त क्रियाकलाप सञ्चालन भए नभएको अनुगमन,
९. विद्यालयमा कुहिने र नकुहिने फोहोर वर्गीकरण सम्वन्धी अतिरिक्त कक्षा सञ्चालन, लेवल अनुसार डस्विनमा फोहोर सङ्कलन र उचित विसर्जन,
१०. घरदैलो गरी विद्यालय भर्ना अभियान,
११. लगातार विद्यालय अनुपस्थित हुने बालबालिकाको अभिभावक तथा विद्यार्थीसंग छलफल कार्यक्रम,
१२. विद्यालयमा कक्षा कोठा र शौचालयमा जान र्‍याम्पको व्यवस्थापन,
१३. बा. वि. केन्द्रका विद्यार्थीको सिकाई उपलब्धी सहितको व्यक्तिगत फाइल व्यवस्थापन,
१४. सामुदायीक विद्यालयमा १ देखि ५ कक्षासम्मको बालबालिकाको लागि दिवा खाजा तथा आर्थिक अवस्था कमजोर भएका बालबालिकाको लागि समेत दिवा खाजा,
१५. विद्यालय तथा समुदायमा बालअधिकार, बालमैत्री स्थानीय शासन, बालमैत्री आचार संहिता लगायत अन्य सुचनामुलक भित्ते लेखन (चित्र सहित),
१६. विद्यालयमा नियमित अतिरिक्त कृयाकलाप सञ्चालन,
१७. गरीब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति,
१८. SEE मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई नगद र प्रमाणपत्र सहित सम्मान।

**बाल विकासका सूचकहरूको विद्यमान अवस्था**

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लिखित बाल विकास सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छः

| क्र.स. | सूचक | आधार वर्षको अवस्था | हालको अवस्था २०८१\०६\३० | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | ३ वर्ष देखि ४ वर्ष उमेर पुगेका सबै बालबबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउदर सतप्रतिशत रहेको हुनेछ (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने) | | १००% | १००% | यस वडाका ३ वर्ष देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउदर सतप्रतिशत रहेको । |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा (१ देखी कक्षा ८ सम्म) पूरा गरेका हुनेछन्। | | ९९% | १००% | यस वडाका ५ देखि १४ वर्ष उमेर समूहका सबै बालबालिकाले आधारभूत शिक्षामा प्रवेश गरेता पनि केहि बालबालिकाले बिचैमा विद्यालय छोडेको पाईएको । |
| ३ | प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भई यसको प्रयोग भएको हुनेछ । | | १००% | १००% | ४ सामुदायिक र २ संस्थागत गरी ६ वटा विद्यालय सबैमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालय, महिनावारी हुदाँ प्याड र प्याड विसर्जनको उचित व्यवस्था भई यसको प्रयोग भएको। |
| ४ | सबै विद्मालयका पूर्वाधार ( कक्षाकोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा ) बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित भएका हुनेछन् । | | १००% | १००% | यस वडाका ६ वटै विद्यालयका पूर्वाधार ( कक्षाकोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा ) सुधार पश्चात बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुँदै गरेको। |
| ५ | प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ। | | १००% | १००% | यस वडाका ६ वटै विद्यालयका विद्यार्थीलाई नियमित अतिरिक्त क्रियाकलापमा सहभागी गराई सोको अभिलेखीकरण गरीएको। |
| ६ | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग बिर्सजन गर्ने व्यवस्था हुनेछन्। | | १००% | १००% | सवै विद्यालयले कुहिने र नकुहिने फोहोर लेवल अनुसारको डस्टबिनमा वर्गिकरण गरी उचित विसर्जन गर्ने गरेको। |

**ग) बाल सहभागिताका सूचकमा भएका महत्त्वपूर्ण कार्यहरूः**

१. बालसमूह स्टेशनरी सहितको टिनको बाकस वितरण गरी नियमित बैठक सञ्चालन,

२. बालसमूह र संजालद्वारा नियमित अतिरिक्त कृयाकलाप सञ्चालन र अतिरिक्त कृयाकलापका लागि बजेट व्यवस्थापन (वडा मार्फत),

३. वडास्तरीय बाल समूह संजाल र सबै बालसमूहहरुलाई खेलकुद सामाग्री वितरण,

४. वडा बालमैत्री समितिद्धारा बालबालिका, अभिभावक तथा समाजका अगुवा सहितको उपस्थितीमा बालसमूहको महत्व र बालमैत्री स्थानीय शासनको विषयमा सचेतना सहित १८ वटा बालसमूह र १ वडास्तरीय बाल संजाल गठन तथा परिचालन,

५. वडास्तरीय बालमैत्री स्थानीय शासन समिति, वडा बालअधिकार समिती, विपद् व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति र टोल विकास समितिमा १ बालक र १ बालिकाको (आमन्त्रित) सहभागिता सूनिश्चत भएको,

६. बालबालिकाहरुलाई बालअधिकार र बालमैत्री स्थानीय शासन सम्बन्धी क्षमता विकास र बालसमूह व्यवस्थापन एवं कार्ययोजना निर्माणमा सहजीकरण,

७. वडास्तरीय बालभेला आयोजना तथा माग भई आएका योजना वार्षिक बजेटमा समावेश भई कार्यान्वयन भएको,

८. वडा र विभिन्न संघसंस्थाबाट क्षमता विकास अभिमूखीकरण कार्यक्रम,

९. विद्यालय, टोल, वडा र नगरस्तरीय विभिन्न कार्यक्रमहरुमा बालबालिकाको अर्थपूर्ण सहभागिता।

**वडाको शासकीय संरचनामा बालबालिकाको सहभागिताको स्थितिः**

| क्र.स. | बाल सहभागिता भएको निकाय | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | बालमैत्री स्थानीय शासन वडा समिति | १ | १ | २ |
| २ | वडा बाल अधिकार समिति | १ | १ | २ |
| ३ | विद्यालय व्यवस्थापन समितिमा आमन्त्रित | ६ | ६ | १२ |
| ४ | स्वास्थ्य व्यवस्थापन समितिमा आमन्त्रित | १ | १ | २ |
| ५ | वडा बालसमूह संजाल | ७ | १८ | २५ |
| ६ | टोल विकास संस्था | ४ | ४ | ८ |
| | विपद् व्यवस्थापन समिति | १ | १ | २ |
| जम्मा प्रत्यक्ष सहभागिता | | २१ | २१ | ४२ |

**१८ नं. वडामा रहेका बालसमूहहरुको नामावली**

| क्र.स | बाल समूहको नाम | बालक | बालिका | जम्मा | गठन मिति |
|---|---|---|---|---|---|
| विद्यालयस्तरीय बाल समूह | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ज्योती बाल समूह | १३ | १२ | २५ | २०७९\०८\२६ |
| २ | गोरक्षनाथ बाल समूह | ९ | १६ | २५ | २०७९\०९\१३ |
| ३ | कमला सृजनसिल बाल समूह | १२ | १३ | २५ | २०७९\०९\०७ |
| ४ | भावना बाल समूह | १४ | ९ | २३ | २०७९\१०\०५ |
| ५ | मकवानपुर बाल विद्या सत्पथ बाल समूह | १२ | १३ | २५ | २०७९\०९\०१ |
| ६ | लोटस बाल समूह | ३ | १२ | १५ | २०७९\११\१९ |
| टोलस्तरीय बाल समूह | | | | | |
| १ | भोर्ले बाल समूह | ७ | १८ | २५ | २०७९\११\१७ |
| २ | प्रगतीनगर बाल समूह | ८ | १७ | २५ | २०७९\११\१५ |
| ३ | सुनाखरी बाल समूह | १२ | १३ | २५ | २०७९\११\१७ |
| ४ | एक्लेखेत बाल समूह | १४ | ११ | २५ | २०७९\११\२१ |
| ५ | फुर्केचौर बाल समूह | १३ | १२ | २५ | २०७९\११\२५ |
| ६ | ठुलोदमार बाल समूह | १४ | ११ | २५ | २०७९\११\२८ |
| ७ | भुटनदेवी बाल समूह | १४ | ११ | २५ | २०७९\११\३० |
| ८ | दियावाती बाल समूह | १२ | १३ | २७ | २०७९\१२\०३ |
| ९ | दोभानचौर बाल समूह | १४ | १३ | २५ | २०७९\१२\०६ |
| १० | सगरमाथा बाल समूह | १६ | ९ | २५ | २०७९\१२\१० |
| ११ | सल्लेरी बाल समूह | ११ | १४ | २५ | २०७९\१२\१४ |
| १२ | कालिका बाल समूह | ०५ | २० | २५ | २०७९\१२\१६ |
| वडास्तरीय बाल समूह संजाल | | ०७ | १८ | २५ | २०८०\०१\०८ |
| जम्मा | | २०३ | २३७ | ४४० | |

## १८ नं. वडास्तरीय बाल समूह सञ्जालका पदाधिकारीको नामवली

| क्र.स | पद | नाम | प्रतिनिधित्व गर्ने समुह |
|---|---|---|---|
| १ | अध्यक्ष | राधा विश्वकर्मा | ज्योती बाल समूह |
| २ | उपध्यक्ष | पुजा बर्तौला | ज्योती बाल समूह "ख" |
| ३ | सचिव | विपिन गौतम | ज्योती बाल समूह |
| ४ | सह-सचिव | रोनिश थापा | सुनाखरी बाल समूह |
| ५ | कोषाध्यक्ष | हिमाल स्याङ्गतान | भावना बाल समूह |
| ६ | सदस्य | प्रतिक मंग्राती | फुर्केचौर बाल समूह |

| | | | |
|---|---|---|---|
| ७ | सदस्य | माहि रोक्का | सुनाखरी बाल समूह |
| ८ | सदस्य | अश्मी वि.क. | गोरक्षनाथ बाल समूह |
| ९ | सदस्य | युनिता श्रेष्ठ | भोर्ले बाल समूह |
| १० | सदस्य | जुनु के.सी. | सल्लेरी बाल समूह |
| ११ | सदस्य | रेश्मा थापा | ठुलोदमार बाल समूह |
| १२ | सदस्य | मेनुका सिटौला | प्रगतिनगर बाल समूह |
| १३ | सदस्य | रचना पौडेल | कालिका बाल समूह |
| १४ | सदस्य | ज्योती लुङ्वा | ठुलोदमार बाल समूह |
| १५ | सदस्य | सरु भुजेल | एक्लेखेत बाल समूह |
| १६ | सदस्य | सागर देवकोटा | दोभानचौर बाल समूह |
| १७ | सदस्य | आश्रा भुजेल | भोर्ले बाल समूह |
| १८ | सदस्य | लक्ष्मी वि.क. | प्रगतिनगर बाल समूह |
| १९ | सदस्य | जेसिका कठायत | दियावाती बाल समूह |
| २० | सदस्य | रबिना सपकोटा | मकवानपुर बाल विद्या सत्पथ बाल समूह |
| २१ | सदस्य | प्रनिशा भ्लोन | ठुलोदमार बाल समूह |
| २२ | सदस्य | रेशुमा लोप्चन | कमला बाल समूह |
| २३ | सदस्य | रितिका थापा | गोरक्षनाथ बाल समूह |
| २४ | सदस्य | सन्देश दाहाल | लोटस बाल समूह |
| २५ | सदस्य | संयुष खड्का | एक्लेखेत बाल समूह |

## वडा समिति, बालमैत्री स्थानीय शासन वडा समिति र वडा बालअधिकार समितिमा भएका पदाधिकारीहरूको नामावलीः

### *वडा समिति*

| क्र.स. | नाम थर | पद |
|---|---|---|
| १ | अनिल कुमार बानियाँ | वडा अध्यक्ष |
| २ | पुजा मंग्राती | वडा सदस्य |
| ३ | योगराज खतिवडा | वडा सदस्य (बालमैत्री वडा सम्पर्क व्यक्ती) |
| ४ | तोयनाथ तिमल्सिना | वडा सदस्य |
| ५ | महेश पुडासैनी | वडा सचिव |

### बालमैत्री स्थानीय शासन वडा समिति

| क्र.स. | पद | नाम थर | प्रतिनिधित्व गर्ने संस्था | सम्पर्क नम्बर |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | अध्यक्ष | अनिल कुमार बानियाँ | वडा अध्यक्ष | ९८५५०६८०९१ |
| २ | सदस्य | पुजा मंग्राती | वडा सदस्य | ९८४५१३४२८७ |
| ३ | सदस्य | योगराज खतिवडा | वडा सदस्य | ९८५५०७३३२० |
| ४ | सदस्य | तोयनाथ तिमल्सिना | वडा सदस्य | ९८५५०८८२०४ |
| ५ | सदस्य | ममता कार्की | अध्यक्ष, टो.वि.स.व.स.स. | ९८४५०२५७०० |
| ६ | सदस्य | मञ्जु श्रेष्ठ | प्रमुख, हर्नामाडी स्वास्थ्य केन्द्र | ९८४५४५६०५४ |
| ७ | सदस्य | तेजकुमारी न्यौपाने | अध्यक्ष, महिला जागरण समूह | ९८६५३७९५५२ |
| ८ | सदस्य | जयराम थापा | प्र.अ., ज्योती मा.वि. | ९८४५१२६०२६ |
| ९ | सदस्य | रुपा रिजाल | प्र.अ.,भावना आ.वि. | ९८४५४५८४२५ |
| १० | सदस्य | सुदिप राज गिरी | प्र.अ., मकवानपुर बालविद्या सदन | ९८५५०७०९३५ |
| ११ | सदस्य | बिमला विशुन्के | महिना स्वास्थ्य स्वयम सेविका | ९८४५५८९६२७ |
| १२ | सदस्य | कोपिला पुडासैनी | प्रतिनिधी, ठुलोदमार प्रहरी चौकी | ९८४५५१४७२९ |
| १३ | सदस्य | आश्रा भुजेल | बालिका प्रतिनिधी, वडा बाल सञ्जाल | ९८१२२२६२७० |
| १४ | सदस्य | विपिन गौतम | बालक प्रतिनिधी, वडा बाल सञ्जाल | |
| १५ | सदस्य सचिव | महेश पुडासैनी | वडा सचिव | ९८४५०३०४७० |

## वडा बालअधिकार समिति

| क्र.स. | पद | नाम थर | प्रतिनिधित्व गर्ने संस्था | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | संयोजक | अनिल कुमार बानियाँ | वडा अध्यक्ष, १८ नं. वडा | ९८५५०६८०९१ |
| २ | सदस्य | योगराज खतिवडा | वडा सदस्य, १८ नं. वडा | ९८५५०७३३२० |
| ३ | सदस्य | ममता कार्की | टो.वि.स.व.स.स. अध्यक्ष | ९८४५०२५७०० |
| ४ | सदस्य | मञ्जु श्रेष्ठ | प्रमुख, हर्नामाडी स्वास्थ्य चौकी | ९८४५४५६०५४ |
| ५ | सदस्य | तेजकुमारी न्यौपाने | अध्यक्ष, महिला जागरण समूह | ९८६५३७९५५२ |
| ६ | सदस्य | सुदिप राज गिरी | प्र.अ., मकवानपुर बालविद्या सदन | ९८५५०७०९३५ |
| ७ | सदस्य | कोपिला पुडासैनी | प्रतिनिधी, ठुलोदमार प्रहरी चौकी | ९८६९७७७४४६ |
| ८ | सदस्य | विवेक अधिकारी | बालमैत्री वडा सहजकर्ता | ९८२१८२१३१३ |
| ९ | सदस्य | प्रनिशा भ्लोन | बालिका प्रतिनिधी, वडा बाल सञ्जाल | ९८४५०३०४७० |
| १० | सदस्य | प्रतिक मंग्राती | बालक प्रतिनिधी, वडा बाल सञ्जाल | ९८६९१८९२८२ |
| ११ | सदस्य सचिव | महेश पुडासैनी | वडा सचिव, १८ नं. वडा | ९८४६२८७७७४ |

**बाल सहभागिताका सूचकहरूको विद्यमान अवस्थाः**

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लिखित बाल सहभागिता सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छः

| क्र.स. | सूचक | आधार वर्षको अवस्था | हालको अवस्था (२०८१\०६\३०) | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा समावेशी आधारमा बाल संजाल गठन भई क्रियाशिल (न्युनतम वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेको। | | १००% | ९५% | मिति २०८० वैशाख ८ गते गठन भएको वडास्तरीय बालसंजालको बैठक र अतिरिक्त कृयाकलाप नियमित र नगरमा सुचिकृत। |
| २ | स्थानीय तहमा वस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बाल क्लब गठन भै क्रियाशील (न्युनतम वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन्। | | १००% | ९५% | टोलस्तरीय १२ र विद्यालयस्तरीय ६ वटा गरी १८ बाल समूहको बैठक र अतिरिक्त कृयाकलाप नियमित, सवै बाल समूहहरु वडामा सुचिकृत। |
| ३ | ५ कक्षा भन्दा माथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व रहनेछ | | १००% | १००% | पाँच कक्षाभन्दा माथि अध्ययन हुने ६ वटा विद्यालयका व्यवस्थापन समितिमा बालसमूहको आमन्त्रित सहभागिता रहेको। |
| ४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लब/संजालको प्रतिनिधित्व रहनेछ। | | १००% | १००% | स्वास्थ्य व्यवस्थापन समितिमा वडा बाल संजालका १ बालक १ बालिकाको आमन्त्रित प्रतिनिधित्व रहेको। |
| ५ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना / समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरीएको हुनेछ । | | १००% | ९०% | वडामा रहेको विभिन्न सरोकारवाला समितिमा १ बालक र १ बालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरीएको। |
| ६ | बालभेलाबाट माग भई आएका योजनाहरु स्थानीय तहको योजनामा समावेश भएका हुनेछन्। | | १००% | १००% | मिति २०८०/०२/०५ गते आयोजित बालभेलाबाट प्राथमिकिकरण गरी माग भई आएका योजना वडाको वार्षिक बजेटमा समावेश गरीएको ,<br>पञ्चवर्षिय लगानी योजना नगर कार्यपालिकाबाट स्विकृत भएको। |

## घ) संस्थागत सूचकमा भएका महत्त्वपूर्ण कार्यहरू:

१. वडामा बालमैत्री स्थानीय शासन वडा समिति र वडा बालअधिकार समिति गठन भई क्रियाशील रहेका,
२. वडामा बालमैत्री शाखा स्थापना भई एक जनप्रतिनिधीलाई बालमैत्री सम्पर्क व्यक्तिको जिम्मेवारी दिईएको र बालमैत्री वडा सहजकर्ता परिचालन,
३. बालमैत्री आचारसंहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा रहेको,
४. वडामा रहेको बालउद्यान भित्र बालमैत्री सिकाई स्रोतकेन्द्र निर्माणाधिन अवस्थामा रहेको,
५. बाल वस्तुगत विवरण र सेवा प्रदायकको तथ्याङ्क विश्लेषणको आधारमा बालबालिकाको लागि पञ्चवर्षिय लगानी योजना तर्जुमा गरी कार्यान्वन भईरहेको,
६. बालभेलाबाट माग भई आएका योजनाको आधारमा स्थानीय तहको विकास योजना तर्जुमा र कार्यान्वयन,
७. बालबालिका सम्बन्धी स्थिती प्रतिवेदन तयारी,
८. प्रारम्भिक बाल शिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि तथा विद्यालय बस सञ्चालन निर्देशिका प्रकाशन, वितरण एवं कार्यान्वयन भएको,
९. बालमैत्री, वातावरण मैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सत्र सञ्चालन भईरहेको,
१०. स्थानीय प्रहरी कार्यालयमा बालमैत्री सम्पर्क शाखा स्थापना गरी सञ्चालनमा रहेको र बालमैत्री सम्पर्क व्यक्ति तोकिएको,
११. वडा कार्यालयमा स्तनपान कक्षको व्यवस्थापन भएको,
१२. बाल संरक्षण प्रणाली अन्तरगत नगरस्तरीय बालकोषको व्यवस्थापन गरीएको,
१३. विपन्न छात्र छात्रालाई छात्रवृत्ती सहयोग,
१४. विद्यार्थीका लागि निःशुल्क यातायातको व्यवस्था
१५. विद्यालय तथा सार्वजनिक भवनमा बालमैत्री, अपाङ्गमैत्री संरचना,
१६. विपद् व्यवस्थापन समिति मार्फत विपद्को समयमा बालबालिका केन्द्रित बजेट विनियोजन र संस्थागत व्यवस्थापन।

**संस्थागत सूचकहरूको विद्यमान अवस्थाः**

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लिखित संस्थागत विकास सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छः

| क्र स | सूचक | आधार वर्षको अवस्था | हालको अवस्था (२०८१\०६\३०) | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | वडा बालमैत्री स्थानीय शासन समितिहरु गठन भई क्रियाशिल रहेका हुनेछन् । | | १००% | १००% | बालमैत्री स्थानीय शासन वडा समिति र वडा बाल अधिकार समिति गठन र सकृय। |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन्। | | १००% | १००% | निम्न नीति, नियम, कार्यविधी र निर्देशिका कार्यान्यनमा ल्याईएकोः<br>• हेटौंडा उपमहानगरपालिका बालबालिका सम्वन्धी ऐन,२०७९ ,<br>• हेटौंडा उपमहानगरपालिकाको बालअधिकार संरक्षण नीति , २०७९ (बालमैत्री आचारसहितां समावेश गरीएको)<br>• बालसमूह संजाल गठन तथा सहजिकरण निर्देशिका,२०७९,<br>• बालकोष स्थापना र सञ्चालन कार्यविधि,२०७९ ,<br>• बालमैत्री स्थानीय शासन सहजकर्ता नियुक्ति सम्वन्धी कार्यविधि,२०७७ ,<br>• प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि,२०८०,<br>• विद्यालय बस सञ्चालन निर्देशिका२०८० , |
| ३ | गाउँपालिका/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाई स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ। | | १००% | ८०% | • यस वडाको गुम्बाडाडाँ अन्तर्गतको खुल्ला क्षेत्रमा बाल उद्यान निर्माण गरी सिकाई स्रोत केन्द्र स्थापना गर्ने कार्य भईरहेको।<br>• नगरस्तरीय बाल उद्यानमा सिकाई स्रोत केन्द्र स्थापना भई सञ्चालनमा ल्याईएको। |
| ४ | बालबालिकाको वस्तुगत विवरण (प्रोफाईल)को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भई कार्यान्वयन भएको हुनेछ। | | १००% | १००% | बाल वस्तुगत विवरण तयार भए पश्चात २०८० मंसिर २७ गते पञ्चवर्षिय लगानी योजना निर्माण गरी नगर कार्यपालिकाबाट स्विकृत भएको। |
| ५ | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाउँ नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेको विषयलाई स्थानीय तहको योजना तर्जुमा | | १००% | १००% | मिति २०८०\०२\०५ गते आयोजित बालभेलाबाट प्राथमिकिकरण गरी माग भई आएका योजना वडाको वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रक्रियामा समावेश गरीएको हुनेछन्। | | | | |
| ६ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । | | १००% | १००% | वडा नं. १८ को बालबालिकाको स्थीति पत्र तयार। |
| ७ | प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानिय तहले तोकेको न्युनतम मापदण्ड पूरा गरेका हुनेछन् । | | १००% | १००% | यस वडाका ६ वटै बाल विकास केन्द्र नगरको प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि २०८० अनुसार सञ्चालन भइरहेको। |
| ८ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरीक्त कक्षा सञ्चालन गरेका हुनेछन् । | | १००% | १००% | सबै विद्यालयले अतिरिक्त कृयाकलाप अन्तर्गत बालमैत्री वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरीक्त कक्षा सञ्चालन सञ्चालन गरीएको। |
| ९ | आधारभूत शिक्षा पश्चात विद्यालयका शिक्षाबाट वञ्चित भएका बालबालिकाहरुले जीवन उपयोगी शिक्षा (व्यवसायीक तथा सिपमूलक तालिम) प्राप्त गरेका हुनेछन्। | | १००% | १००% | यस वडामा आधारभूत विद्यालय शिक्षावाट वञ्चित भएका बालबालिकाहरु सङ्ख्या न्युन रहेको र बालबालिकालाई परामर्श गरी फेरी नियमित विद्यालयमा फर्काउने प्रायस गरिएको।<br>बालसमूहमा आवद्ध बालबालिकालाई नियमित रुपमा व्यवहारिक ज्ञान, बोली व्यवहार, पारिवारिक संस्कार बारे जीवन उपयोगी शिक्षा दिने गरीएको। |
| १० | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क इकाइ रहेका हुनेछ । | | १००% | १००% | ठुलोदमार प्रहरी चौकीमा बालमैत्री सम्पर्क शाखा स्थापना गरी बालमैत्री सम्पर्क व्यक्ति समेत तोकिएको। |
| ११ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्युनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् । | | १००% | १००% | यस वडाका ४ वटा विद्यालयले सञ्चालन गरीरहेको स्कुल बस नगरको विद्यालय बस सञ्चालन निर्देशिका, २०८० को मापदण्ड अनुसार रहेको |
| १२ | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ | | १००% | १००% | वडा कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | बसपार्क, सिनेमा हल, हाट बजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ। | | १००% | १००% | यस वडामा रहेको सार्वजनिक स्थानमा खानेपानी धारा र शौचालय बालमैत्री रहेको। |
| १४ | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ। | | १००% | १००% | बाल सहभागिता सहित विपद् व्यवस्थापन समिति गठन भई बैठक बसेको। |
| १५ | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ । | | १००% | १००% | विपद् व्यवस्थापन कोषको व्यवस्था गरी विपद् व्यवस्थापन सामाग्री जगेडा राख्ने व्यवस्था हुदैं गरेको। |

## ४. बालमैत्री स्थानीय शासन कार्यान्वयनका चरण तथा तहगत खुड्किला प्राप्ति सम्वन्धी विवरणः

### क) पूर्व तयारीको चरण :

| क्र स | विवरण | पूरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १ | कार्यपालिकाबाट नपालाई बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने निर्णय गर्ने। | √ | | मिति २०७९/०५/२४ गतेको नगर कार्यपालिकाको निर्णयको प्रतिलिपि। |
| २ | बालमैत्री स्थानीय शासनको अवधारणा सम्बन्धी नगर समितिका पदाधिकारी र अन्य सरोकारवालाहरूलाई अभिमूखिकरण गर्ने। | √ | | • मिति २०७९ मंसिर २२ गते सम्पन्न भएको अभिमूखीकरण कार्यक्रमको उपस्थिति, प्रतिवद्धता पत्र तथा तस्वीरहरू,<br>• यस वडामा २०७९ मंसिर देखि बालमैत्री स्थानीय शासन अवलम्बन गरेको माइन्यूटको प्रतिलिपी,<br>• २०८० श्रावण देखि विभिन्न मितिमा टोलस्तरीय अभिमूखिकरण कार्यक्रम सञ्चालनको प्रतिलिपि। |
| ३ | कार्यपालिका र बालमैत्री स्थानीय शासन नगरस्तरीय समितिबाट लिखित प्रतिवद्धता गर्ने। | √ | | वडास्तरीय सरोकारवालाहरूलाई अभिमूखीकरणको दिन गरीएको सामुहिक प्रतिवद्धता फ्लेक्सको फोटो। |

| | | | | |
|---|---|---|---|---|
| ४ | बालमैत्री स्थानीय शासनको अवधारणा र विद्यमान अवस्था सम्बन्धी कार्यान्वयन निर्देशिकाको सूचकमा आधारित भई नगरपालिकामा बालबालिकाको अवस्था सम्बन्धी वस्तुगत विवरण (प्रोफाईल) तयार गर्ने र प्रकाशन गर्ने। | √ | | • २०७९ फाल्गुन देखि जेष्ठ सम्ममा घरधूरी सर्वेक्षण,<br>• घरधूरी सर्वेक्षणको आधारमा बाल वस्तुगत विवरण तयार र २०८० पौष २४ मा बाल वस्तुगत विवरण छलफल र बाल वस्तुगत विवरणको १ थान किताव। |
| ५ | बालमैत्री स्थानीय शासनका सूचकको स्थानीयकरण गर्ने। | √ | | मिति २०८० मंसिर १४ गतेका दिन बालमैत्री स्थानीय शासनका सूचक मापनयोग्य सरलिकरण कार्यशाला सञ्चालन प्रतिलिपी/फोटो |
| ६ | बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक स्थानीय नीति/रणनीति/कार्यविधि निर्देशिका र आचारसंहिता तयार गर्ने | √ | | निम्न नीति, नियम, कार्यविधी र निर्देशिका कार्यान्यनमा ल्याईएको:<br>• हेटौंडा उपमहानगरपालिका बालबालिका सम्वन्धी ऐन, २०७९,<br>• हेटौंडा उपमहानगरपालिकाको बालअधिकार संरक्षण नीति, २०७९ (बालमैत्री आचारसंहिता समावेश गरीएको),<br>• बालसमूह संजाल गठन तथा सहजिकरण निर्देशिका,२०७९,<br>• बालकोष स्थापना र सञ्चालन कार्यविधि, २०७९,<br>• बालमैत्री स्थानीय शासन सहजकर्ता नियुक्ति सम्वन्धी कार्यविधि, २०७७,<br>• प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि,२०८०,<br>• विद्यालय बस सञ्चालन निर्देशिका, २०८० |

**ख) तयारीको चरण:**

| क.स. | विवरण | पूरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १ | नगरपालिका र वडामा बालमैत्री स्थानीय शासनका लागि संस्थागत प्रबन्ध(सम्पर्क शाखा,सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवारी दिने) गर्ने। | √ | | मिति २०७९/०८/२२ को निर्णय अनुसार वडा सदस्य श्री योगराज खतिवडा बालमैत्री सम्पर्क व्यक्ति तोकिएको र निजको कार्यकक्षमा बालमैत्री सम्पर्क शाखा रहने तोकिए बमोजिम व्यवस्थापन रहेको कागजात प्रमाण। |
| २ | बालमैत्री स्थानीय शासन अबलम्बन गर्ने वडाहरू छनोट गर्ने। | √ | | मिति २०७९/०५/२४ मा नगर कार्यपालिकाद्वारा सम्पुर्ण वडा सहित नगरलाई बालमैत्री स्थानीय शासनयुक्त वडा बनाउने निर्णयको प्रतिलिपि। |

| | | | | |
|---|---|---|---|---|
| ३ | बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायबाट बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि स्रोत सहितको प्रतिवद्धता प्राप्त गर्ने। | √ | | बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकाय संग बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि अन्तरकृया गरी प्रतिवद्धतामा हस्ताक्षर गरेको प्रतिलिपि र फोटो। |
| ४ | बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि लगानी योजना तयार गर्ने। | √ | | २०८० मंसिर २७ गते पञ्चवर्षिय लगानी योजना तयार गरी प्रकाशन गरीएको १ थान किताव। |
| ५ | बालकोष सञ्चालन कार्यविधि स्वीकृति, बालकोष स्थापना र सञ्चालन गर्ने । | √ | | बालकोष स्थापना र सञ्चालन कार्यविधि, २०७९ (राजपत्र) |
| ६ | बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडामा आवश्यकता अनुसार बाल क्लव, बाल सञ्जाल टोल विकास संस्था।समुदायमा आधारित संस्थाहरूको गठन र परिचालन गर्ने। | √ | | विद्यालयस्तरीय ६, टोलस्तरीय १२ र १ वटा वडा बाल संजाल गठन भई क्रियाशिल रहेको माइन्युटको प्रतिलिपी। |

## ग) नीति योजना तर्जुमा तथा कार्यान्वयनको चरणः

| क्र.स. | विवरण | पूरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १ | लगानी योजनामा आधारित भई बालमैत्री स्थानीय शासनका सूचक प्राप्त गर्न क्षेत्रगत क्रियाकलापहरूको तयारी गर्ने। | √ | | • नगर कार्यान्वयन सहजिककरण समिति गठन एवं परिचालन बैठक आदिको प्रतिलिपी<br>• लगानी योजना अन्तर्गतका नतिजामुखी कार्ययोजना तयार र कार्यान्वयनको प्रतिलिपी। |
| २ | छनोट भएका क्रियाकलापहरूका लागि आवश्यक बजेट विनियोजन गर्ने। | √ | | नगर सभाद्वारा गरीएको निर्णय र वार्षिक बजेट, नीति तथा कार्यक्रम (रातो किताब) । |
| ३ | साझेदार र सरोकारवालाहरूको सञ्जाल निर्माण, समन्वय र सहकार्य गर्ने। | √ | | • सबै साझेदार र सरोकारवालालाई साझेदारी समन्वय र कार्यान्वयन गराउनका लागि नगरस्तरीय गठित कार्यन्वयन सहजिकरण समितिको अभिलेख,<br>• सरोकारवालाको समन्वय संजाल निर्माण बाँकी। |
| ४ | स्वीकृत वार्षिक क्रियाकलापहरूको कार्ययोजना बनाई कार्यान्वयन गर्ने। | √ | | मिति २०७९/०८/२२ मा बालमैत्री स्थानीय शासन वडा समितिद्वारा स्वीकृत गरीएको वडास्तरीय बालमैत्री स्थानीय शासन अवलम्वन तथा कार्यान्वयनका लागि कार्ययोजना । |

| | | | | |
|---|---|---|---|---|
| ५ | बालमैत्री स्थानीय शासनका सूचक अनुसारको नतिजा प्राप्तिको सुनिश्चितता गर्ने। | √ | | विषयगत शाखाहरूले नगरलाई लेखिदिएको प्रतिवद्धता पत्रहरू। |

## घ) अनुगमन, मूल्याङ्कन र प्रतिवेदनको चरण :

| क्र.स | विवरण | पूरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १ | वडा समिति, नगरस्तरीय समितिबाट सूचक पूरा भएको अवस्थामा सरोकारवालाहरू समेतको सहभागितामा, अनुगमन र समीक्षा गरी प्रतिवेदन तयार गर्ने। | √ | | स्थलगत अनुगमन गरेको चेकलिष्टहरू, अन्तिम सूचक मापन र वडाको अन्तिम प्रतिवेदन। |
| २ | बालमैत्री स्थानीय शासनका सूचकका आधारमा स्थितिपत्र तयारी र सार्वजनिकीकरण गर्ने। | √ | | बालमैत्री स्थानीय शासनको अन्तिम स्थीतीपत्र , २०८१ तथा सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिति। |
| ३ | बालमैत्री स्थानीय शासनको घोषणाका लागि तोकिएको निकायबाट अनुगमन गर्ने। | √ | | जिल्ला समन्वय समितिको वडा घोषणाको सिफारिस पत्र। |
| ४ | वडा/स्थानीय तहबाट सूचक पूरा भएको प्रमाणीकरण गर्ने। | √ | | विषयगत शाखाद्वारा आ-आफ्नो क्षेत्रगत सूचक प्रमाणित गरी वडामा पेश गरेको प्रतिलिपि। |
| ५ | बालमैत्री वडा घोषणाका लागि तोकिएको निकायबाट अनुमती प्रदान गर्ने। | √ | | वडा घोषणका लागि नगर कार्यपालिकाको स्वीकृति बैठकको निर्णय र वडालाई दिएको अनुमति पत्र। |

## ङ) बालमैत्री वडा घोषणा र दिगोपनाको चरण:

| क्र.स | विवरण | पूरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १ | बालमैत्री वडा घोषणा पश्चातको रणनीतिक योजना तर्जुमा गर्ने। | √ | | घोषणा पश्चात दिगोपनाका लागि पञ्चवर्षीय रणनीतिक योजना छापिएको किताव। |
| २ | बालमैत्री वडा घोषणा गर्न कार्यपालिका र नगरपालिका/ घोषणा गर्न सम्बन्धित गाउँ नगर सभाको निर्णय। | √ | | बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्नका लागि आवश्यक कागजात प्रतिवेदन नगर कार्यपालिकामा पेश गरी नगर कार्यपालिकाको बैठकको निर्णय पश्चात सो निर्णयको प्रतिलिपी समावेश गरीनेछ। |

| | | | | |
|---|---|---|---|---|
| ३ | बालमैत्री वडा घोषणा। | √ | | बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरेपछि अभिलेख प्रतिवद्धता समावेश गरीनेछ। |
| ४ | बालमैत्री वडा घोषणापश्चातको रणनीतिक योजना कार्यान्वयन। | √ | | पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनका लागि वडासमितिले प्रतिवद्धता सहित गरेको निर्णयको प्रतिलिपि। |
| ५ | वार्षिक रूपमा प्रतिवेदन तयारी र प्रकाशन गर्ने। | √ | | वडाको अन्तिम प्रतिवेदन |
| ६ | बालमैत्री स्थानीय शासनका सूचकहरूको दिगोपनाको सुनिश्चितता। | √ | | • वडामा एक जना बालमैत्री सहजकर्ता, एकजना सम्पर्क व्यक्ति तोकिएको र वडा सदस्यहरुलाई टोल विभाजन जिम्मेवारी बाँडिएको,<br>• वडा बालमैत्री स्थानीय शासन समिति, वडा बालअधिकार समिति, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, बालसमूह र सञ्जाल तथा वडा समितिले बालमैत्री स्थानीय शासन दिगोपनाका लागि प्रतिवद्धता गरेको निर्णयको प्रतिलिपी। |

## ५. बालबालिका सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनको अवस्थाः

**बालबालिकाको लागि स्थानीय लगानी योजनाः**

१८ न. वडाले २०७९ सालदेखि नै बालमैत्री स्थानीय शासनको कार्ययोजना तयार गरी स्थानीय विकास योजना (नीति तथा कार्यक्रम)मा समावेस गर्दै आएको छ । वडाका जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक, टोल विकास संस्थाका पदाधिकारी, बाल सञ्जालका बालबालिका, स्वयंसेविका, सुरक्षाकर्मी, सामुदायिक संघसंस्थाहरु लगायत वडाका सम्पूर्ण सरकोकारवालाको संलग्नतामा स्थानीय लगानी योजना तयार हुनुका साथै यसको कार्यान्वयनको अवस्था पनि राम्रो छ । यस वडाका अधिकतम योजनाहरु कार्यान्वयन हुने गरेका छन् ।

बालबालिकाको क्षेत्रमा यस वडाले बजेट विनियोजन गरी बालबालिकाद्धारा माग र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकामा निर्देशित कार्यक्षेत्रमा लगानी गरेको छ ।साथै वडाको हरेक वार्षिक र आवधिक योजनाहरुमा बालबालिकाको अर्थपूर्ण सहभागिता मार्फत नै योजनाहरु माग भइ कार्यान्वयनको चरणमा जाने समेत आवधिक लगानी योजना (पञ्चवर्षिय) मार्फत सुनिश्चित गरिएको छ। वार्षिक रुपमा बाल भेला गराई सो भेलाबाट प्राथमिकिकरण गरी माग भई आएका योजनालाई वडाको वार्षिक बजेटमा समावेश गरी कार्यान्वयनमा समेत ल्याईएको हुनाले योजना निर्माणमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित भएको छ।

### आ.व. २०८०\८१ मा वडाबाट विनियोजित बजेटः

| क्र.स. | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|
| १ | बालमैत्री वडा घोषणा कार्यक्रम पुर्वतयारी | ४,००,०००\- | |
| २ | शैक्षिक सुधार तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम | ११,००,०००\- | |
| ३ | कमला मा.वि. सहायक शिक्षक तलव | ३,६०,०००\- | |
| ४ | कालिदेवी प्रा.वि. सहायक शिक्षक तलव | १,८०,०००\- | |
| ५ | गोरक्ष स्कुल मा.वि. सहायक शिक्षक तलव | ३,६०,०००\- | |
| ६ | ज्योती मा.वि. सहायक शिक्षक तलव | ७,२०,०००\- | |
| ७ | भावना प्रा.वि. सहायक शिक्षक तलव | १,८०,०००\- | |
| ८ | शिक्षक तालिम | २,००,०००\- | |
| ९ | स्वयमसवक सहयोगी शिक्षक पोषाक | २,५०,०००\- | |
| १० | जेहेन्दार तथा विपन्न बर्ग छात्रवृत्ती | २,००,०००\- | |
| जम्मा | | ४९,५०,०००\- | |

### वडाबाट विनियोजित रकमबाट भएका कृयाकलापहरु र अन्य आर्थिक स्रोत साधनबाट सम्पन्न कृयाकलापहरुः

| क्र.स. | सम्पन्न कृयाकलाप | रकम | बजेट बेहोर्ने निकाय |
|---|---|---|---|
| १ | बालमैत्री वडा घोषणा कार्यक्रम पुर्व तयारी (प्रारम्भिक सूचक मापन, अभिमुखीकरण, बालबालिकाको योजना सम्वोधन) | ३,९०,५३०\- | वडा कार्यालय |
| २ | सहायक शिक्षक तलब (भावना, कमला, ज्योती,गोरक्ष, कालिदेवी) | १८,००,०००\- | वडा कार्यालय |
| ३ | युवा तथा खेलकुद | ९,००,०००\- | वडा कार्यालय |
| ४ | शैक्षिक सुधार तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम (ख.शि. २२५२२) | ९,९४,०८०\- | वडा कार्यालय |
| ५ | शिक्षक तालिम | १,४०,३००\- | वडा कार्यालय |
| ६ | स्वयमसेवक सहयोगी शिक्षक पोषाक | २,५०,०००\- | वडा कार्यालय |
| ७ | सस्कृती प्रवर्धन तथा नृत्य | ७५,०००\- | वडा कार्यालय |
| ८ | जेन्दार तथा विपन्न वर्ग छात्रवृत्ती | १,९८,४०८\- | वडा कार्यालय |
| ९ | भुलभुले खेल मैदान निर्माण | १५,००,०००\- | वडा कार्यालय |
| १० | गोरक्षनाथ मा वि परिसर पुर्वाधार निर्माण | ५,००,०००\- | वडा कार्यालय |
| ११ | शैक्षिक सुधार तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम (ख.शि. २५३११) | ६,००,०००\- | वडा कार्यालय |
| १२ | गोरक्ष मा.वि. कम्पाउन्ड वाल निर्माण | ८,८८,८१२\- | वडा कार्यालय |
| १३ | गोरक्ष बस सहचालक तलब भत्ता अनुदान | २,५०,०००\- | वडा कार्यालय |
| १४ | कमला आ.वि. मर्मत सूधार | २,९४,०६०\- | वडा कार्यालय |
| जम्मा | | ८७,८१,१९०\- | वडा कार्यालय |

**धन्यवाद!!!**